स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी चैत ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म '११:५५' (टु नट ट्रस्ट एनिवन)का पाँच मुख्य कलाकारको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ। पाँचवटा पोस्टरमा सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ, एमएस अग्रज र सागर खनाल चित्रित छन्। उनीहरुको दुई फरक अवस्थालाई चित्रण गरिएको पोस्टरले पाँचजना पात्र कुनै ठूलो समस्यासँग जुधिरहेको संकेत गर्छ।

**आजको विचार...**



म्याद... (दुई पेजमा)

पूर्ण ओली



गुरुप्रसाद मैनालीको चर्चित कथासंग्रह 'नासो'मा सङ्गहित 'परालको आगो' कथामा आधारित भएर निर्माण हुन लागेको फिल्ममा अभिनेता जितु नेपाल अनुबन्धित भएका छन्। फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सको तर्फबाट निर्माता सुशील पोखरेलले जितुसँग मंगलबार लिखित सम्झौता गरेका हुन्। प्राप्त जानकारी अनुसार फिल्ममा जितुले जुठे दमाईको भूमिका निभाउनेछन्। यसअघि फिल्ममा अभिनेत्री सुहाना थापा गौंथलीको भूमिकामा अनुबन्ध भइसकेकी छन्।

❒ वर्ष ३० ❒ अंक २०१ ❒ २०८१ फागुन १ गते बिहीबार 13 February 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हिरासतमा १२ को मृत्यु

(रासस/सिन्हवा)

**सियोल,** माघ ३०/गत वर्षको क्रान्तिपछि बङ्गलादेशमा यातना र बन्दुकको गोली लागेर कम्तीमा एक दर्जन मानिसको हिरासतमा मृत्यु भएको एक अधिकार समूहले बुधबार बताएको छ । पूर्व प्रधानमन्त्री शेख हसिनालाई हटाएको विद्यार्थी नेतृत्वको क्रान्तिपछि सत्ता सम्हालेको अन्तरिम सरकारसँग दक्षिण एसियाली यस मुलुकको सबैभन्दा ठूलो मानवअधिकार सङ्गठनहरू मध्येको एक ओधिकारले न्यायको माग गरेको छ । 'अन्तरिम सरकारले यी अपराधहरूलाई दण्डहीन हुन दिनुहुँदैन', ओधिकारका निर्देशक एएसएम नसिरुद्दिन एलानले भने, 'न्यायेतर हत्यामा संलग्न व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउनैपर्छ ।' हसिनाको १५ वर्षे स्वेच्छाचारी शासनकालमा सुरक्षा बलहरूले उनको शक्ति बढाउन व्यापक हत्या गरेका ओधिकारले प्रतिवेदनमा विस्तृत रूपमा बताएको छ । ओधिकारले हसिना भागेपछि पनि ती एजेन्सीहरूले मानवअधिकार उल्लैन गरिरहेको आरोप लगाएको छ । हसिना अगस्ट ५ मा छिमेकी भारतमा निर्वासनमा भाग्नुभयो र त्यसयता मानवता विरुद्धको अपराधको मुद्दा सामना गर्न पक्राउ पूर्जीको अवज्ञा गर्दै आएका छन् । हसिनाविरुद्धको विद्रोहमा संयुक्त राष्ट्रसैका अनुसार एक हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको हुनसक्ने बताइएको छ । उनि गएपछि बङ्गलादेशी सुरक्षा बलहरूले हसिनाको आवामी लिग पार्टीका समर्थक र उनको 'फासीवादी' पूर्व सरकारका वफादारहरू विरुद्ध व्यापक गिरफ्तारी गरेका छन् ।

## लुम्बिनी र गण्डकी प्रदेश सरकारको रानीमहलमा समन्वय बैठक

# प्रदेशको विकास र समृद्धिका लागि साझा प्रतिबद्धता

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ३०/प्रदेशको विकास र समृद्धिको लागि लुम्बिनी र गण्डकी प्रदेश सरकारबीच साझा सहमति भएको छ । बुधबार पाल्पाको प्रमुख पर्यटकीयस्थल रानीमहलमा दुई प्रदेशबिचको समन्वयात्मक बैंठकमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबीच २१ बुँदे साझा प्रतिबद्धतामा सहमति भएको हो ।

लुम्बिनी प्रदेश सरकारको आयोजनामा भएको बैंठकमा दुई प्रदेशका मुख्यमन्त्रीले साझा प्रतिवद्धतामा हस्ताक्षर गर्दै कार्यान्वयन गर्ने बताएका छन् । सहमतिमा दुवै प्रदेश जोड्ने रामपुर-चापाकोट एकीकृत शहरी विकास आयोजना कार्यान्वयनका लागि संघीय सरकारलाई सिफारिस गर्ने, पाल्पाको रानीमहलको प्रवर्द्धन र संरक्षण तथा रानीमहल क्षेत्रमा जलाशय सहितको पर्यटकीय पूर्वाधार विकास गर्न संयुक्त कार्य गर्ने, कालीगण्डकी जलविद्युत आयोजनाको बाँध क्षेत्रदेखि रानीमहल हुँदै बग्ने तल्लो तटीय क्षेत्रमा पानीको बहाव एवं परिमाणलाई बढाउन सम्बन्धित आयोजनामार्फत संघीय सरकारको सम्वद्ध मन्त्रालयमा सिफारिस गर्ने बताइएको छ । यस्तै नेपालगञ्ज-जोमसोम र भैरहवा जोमसोम हवाई सेवा विस्तार गर्न पहल गर्ने, लुम्बिनी लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क सडक, लुम्बिनी-त्रिवेणी- दुम्कीबास सडक,



गैडाकोट-कालिगण्डकी कोरिडोर, दुम्किवास (नवलपुर) ज्यामिरे (निस्दी गाउँपालिका, पाल्पा) कालिगण्डकी कोरिडोर र भिमगिठे-बुर्तिवाङ-गौमुखी-झिमुक सडक स्तरोन्नती तथा विस्तार गर्न प्राथमिकताका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाउने, सिद्धार्थ राजमार्गको पोखरा-बुटवल सडक खण्डलाई डेडिकेटेड दुई लेनमा विस्तार गर्न संघीय सरकारलाई संयुक्त रुपमा अनुरोध गर्ने कुरा समेटिएको छ । यस्तै आर्थिक वृद्धिका सम्भावनाका क्षेत्र भरतपुर-बुटवल-पोखरालाई समेटी संघीय सरकारबाट प्रस्तावित गण्डकी आर्थिक विभुज परियोजना कार्यान्वयनका लागि संघीय सरकारलाई अनुरोध गर्ने साथै प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने, कृषि पकेट क्षेत्रमा उत्पादित कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता एवम् वितरण प्रणालीलाई व्यवस्थित गर्न लुम्बिनी प्रदेशमा उत्पादित वस्तुको लागि पोखरामा र गण्डकी प्रदेशमा उत्पादित बस्तुको लागि लुम्बिनीको उपयुक्त स्थानमा चिस्यान केन्द्र सहितको विक्री कक्ष र खाद्य तथा गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना गर्ने सहमति भएको छ । दुई मुख्यमन्त्रीबीच भएको सहमतिमा कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरूसम्मको पहुँच विस्तारका लागि बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गर्ने, उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरको रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले कार्यक्रम गर्ने, दुवै प्रदेशमा उत्पादन भएका कृषि उपजहरू तथा वनजन्य जडिबुटिलाई मूल्य श्रङ्खलासँग जोड्न प्रशोधन केन्द्र स्थापनाका लागि व्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गर्ने, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गर्ने, लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गको रुपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्न संयुक्त गुरुयोजना तयारी गर्ने, त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथ समेतलाई समेटेर धार्मिक एवं साँस्कृतिक क्षेत्रको रुपमा विकास गर्न संयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशअन्तर्गत थारू-अवध-नेवार र गण्डकी प्रदेशअन्तर्गत गुरूङ-थकाली-नेवार तथा समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाउने, तिलौराकोट-लुम्बिनी-रामग्रामको विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनासलु क्षेत्र अन्नपूर्ण क्षेत्र, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकासका लागि दुवै प्रदेशले एकीकृत पर्यटनको विकास र प्रवर्द्धनमा जोड दिने, बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र र गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र, र दुवै प्रदेशमा पर्ने ढोरपाटन सिकार आरक्ष क्षेत्रलाई समेटी पर्यटकीय तथा साहसिक पर्यटकीय सर्किटका रूपमा विकास गर्ने,उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतिपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्र समेतको प्रयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने, दुवै प्रदेशमा खानी तथा खनिज उद्योगको स्थापना, सजालन एवं विस्तार र प्राकृतिक स्रोतजन्य उत्पादनको विक्री वितरणलाई व्यवस्थित गर्न दुवै प्रदेशले सेवा शुल्क दस्तुर लगायतमा एकरुपता कायम गर्ने, औद्योगिक सुरक्षा, बजारीकरण र ढुवानीको सहजीकरणका लागि आवश्यक वातावरण तयार गर्ने गर्ने कुरा पनि दुई प्रदेशबीच भएको साझा प्रतिबद्धतामा समेटिएको छ ।

-बाँकी अन्तिम पेजमा...

## आगोमा जलेर एक वृद्धको मृत्यु



**गुल्मी,** माघ ३०/जिल्लामा आगोमा जलेर एक वृद्धको मृत्यु भएको छ । धुर्कोट गाउँपालिका-७ वाग्लामा आगो ताप्ने क्रममा जलेर ८० वर्षीय इद्रलाल गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

मंगलबार राति ११ बजेतिर आगो तापेर बसिरहेको बेला एक्कासी जलेर उनको मृत्यु भएको हो । आगोले जली दाजुको मृत्यु भएको खबर भाई टेकराज गिरीले प्रहरीलाई खबर गराएका थिए । घटनाको खबर प्राप्त भएलगत्तै प्रहरी सहायक निरीक्षक तिलक नेपालीको कमाण्डमा ३ जनाको टोली घटनास्थल पुगेको थियो । मृतक गिरीको घर परिवारमा उनी र भाइ मात्र रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक रामकुमार थापाको कमान्डमा प्रहरी खटिएको छ ।

## आज विश्व रेडियो दिवस, नेपालमा पनि मनाइँदै

**पाल्पा,** माघ ३०/विश्व रेडियो दिवस आज नेपालमा पनि मनाइँदै छ । संयुक्त राष्ट्रसंघको आफवानमा सन् २०१२ बाट विश्व रेडियो दिवस मनाउन सुरु गरिएको हो । स्पेनको प्रस्तावमा युनेस्कोको ३६ औं सम्मेलनले सन् २०११ नोभेम्बर ३ तारिखमा हरेक वर्षको फेब्रुअरी १३ तारिखलाई रेडियो दिवसका रुपमा मनाउने घोषणा गरेको थियो ।




रेडियोलाई विश्वभर अहिले पनि गतिशिल सञ्चार माध्यमको रुपमा लिने गरिन्छ । रेडियोलाई महत्वपूर्ण सञ्चार माध्यमको रुपमा सम्मान गर्न, प्रसारकबीचको अन्तर्राष्ट्रिय समन्वय र सहयोगमा सुधार गर्न, ठूला नेटवर्क र सामुदायिक रेडियो मार्फत सूचनाको पहुँचलाई बढावा दिन प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । नेपालमा बिक्रम सम्बत २००३ सालमा काठमाडौंमा रेडियोको प्रशारण सुरु भएपनि औपचारिक रुपमा भने २००७ साल मंसिर २८ गतेदेखि प्रजातन्त्र रेडियोका नाममा रेडियो सञ्चालन सुरु भएको हो । नेपालमा २०५२ सालदेखि एफएम प्रशारण सुरु भएको हो । अहिले देशका सबैजसो जिल्लामा एफएम रेडियो स्थापना भएका छन् । नेपालजस्तो साक्षरता तथा शिक्षाको पहुँच कम भएको देशमा रेडियो प्रभावकारी माध्यमका रुपमा रहने गरेका छन् । २०५४ सालदेखि निजी क्षेत्रले समेत एफएम रेडियो सञ्चालन गर्न पाउने कानुन बनेपछि २०५४ साल जेठ ९ गते दक्षिण एसियामै पहिलो निजी क्षेत्रको स्वतन्त्र रेडियोका रुपमा रेडियो सगरमाथा प्रसारण सुरु भयो । अहिले भने देशका विभिन्न ठाउँमा खोलिएका रेडियोको संख्या हजारौं पुगिसकेका छन् । पहिलो पटक सन् १९१९ को अक्टोबरमा अमेरिकामा रेडियो खुले पनि विश्वमा औपचारिक रुपमा रेडियो प्रसारण अमेरिकाको पेन्सिलभेनिया सहरबाट सन् १९२० मा भएको मानिन्छ । सजिलो र कम खर्चिलो सञ्चारमाध्यम भए पनि प्रविधिको विकासका कारण पछिल्लो समयमा सहरी क्षेत्रमा रेडियोको व्यापकता खुम्चिँदै गएको छ । अहिले पनि गाउँघर र दूरदराजमा रेडियो निर्विकल्प सञ्चारको माध्यम बनेको छ । नयाँ प्रविधि र माध्यम बिस्तार भएपनि नेपालमा समेत रेडियोको सान्दर्भिकता कायमै रहेको कतिपयले अध्ययन अनुसन्धानले देखाएका छन् ।

इन्टरनेट नेपालीका लागि अझै सहज भइनसकेको र पत्रिका, टेलिभिजनको पहुँच पनि आम नेपालीमाझ विस्तार भइनसकेको र भए पनि महँगो पर्न जाने भएकाले नेपालको भूबनोट र गरिबीको हेक्का राख्दा रेडियो नै वैकल्पिक र सहज माध्यम हो । नेपालको हकमा इन्टरनेट र मोबाइल फोनको बढ्दो प्रयोगले परम्परागत सञ्चार माध्यमको उपयोगमा कमी आउन थालेको विभिन्न सर्वेक्षणले देखाएका छन् । पत्रिका र रेडियो त इन्टरनेटको व्यापक विस्तारपछि खुम्चिनुपर्ने अवस्थामा पुगेको आभास भइसकेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## विश्व रेडियो दिवसको सान्दर्भिकता

आज फेब्रुअरी १३ अर्थात् विश्व रेडियो दिवस । स्पेनको प्रस्तावमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, सामाजिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले २०११ नोभेम्बर ३ मा फेब्रुअरी १३ लाई रेडियो दिवसका रूपमा मनाउने घोषणा गरेको हो । त्यसयता हरेक वर्ष रेडियो दिवस मनाउने गरिएको छ । रेडियोलाई महत्वपूर्ण सञ्चार माध्यमको रूपमा सम्मान गर्न, प्रसारक बीचको अन्तर्राष्ट्रिय समन्वय र सहयोगमा सुधार गर्न, ठूला नेटवर्क र सामुदायिक रेडियोमा सूचनाको पहुँचलाई बढावा दिन प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो ।

दिवस ढिला गरी बनाउन सुरु गरिए पनि रेडियोको इतिहास भने लामै छ । रेडियोको आविस्कार इटालीका वैज्ञानिक जी.मार्कोनी हुन् । उनले सन् १८९५ मा रेडियो तरंग पत्ता लगाएका थिए । त्यसको २४ वर्षपछि मात्रै रेडियोको व्यवहारिक रुपमा प्रसारण सुरु गरिएको थियो । मार्कोनीले रेडियोको आविस्कार जुनसुकै उद्देश्यका साथ गरेको भए पनि समाज विकास, परिवर्तन र रुपान्तरणमा रेडियोको भूमिका महत्वपूर्ण रहेको छ । नेपालमा भने २००७ सालपछि मात्रै औपचारिक रुपमा रेडियो खुलेको इतिहास छ । तर पछिल्लो समय इन्टरनेट र मोबाइल फोनको बढ्दो प्रयोगले रेडियो खुम्चिन पुगेको छ । रेडियोका कार्यक्रमहरू इन्टरनेट र मोबाइल प्रयोगकर्ताहरूप्रति लक्षित गर्न सकिएन भने थप खुम्चिदै जाने निश्चित छ । नेपालमा अहिले नै श्रोताको संख्या घट्दै गएको छ । यसले रेडियो सञ्चालनमा चुनौती थपेको छ । रेडियोप्रति श्रोताको चाख बढाउने काम गरिएन भने रेडियोहरु बन्द गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसतर्फ रेडियो सञ्चालकहरुले सोच्न आवश्यक छ । रेडियोहरुले समय सापेक्ष आफुलाई चलाउन नसक्दा यसको सान्दर्भिकता खस्केको कुरालाई नकार्न सकिदैन । अनलाइन न्युज पोर्टलहरूले छिनछिनमा विश्वभरका ताजा सूचना पाठकका मोबाइल स्क्रिनमा पुर्‍याउन थालेपछि रेडियोको महत्व केही कम अवश्य पनि भएको हो । यसर्थ रेडियोहरूलाई समय सापेक्ष रुपमा अगाडि ढाउन सकियो भने मात्र हरेक वर्ष मनाइने रेडियो दिवसको सान्दर्भिकता रहन्छ ।

## Opinion @ Social Network

बिर्सिदेउ ती बितेका कुराहरू
दिन रात रोएर भाग्य परिवर्तन कहिले पनि हुँदैन ।

(प्रकाश तामाङको फेसबुक स्टाटस https://www.facebook.com/Prakash.Tamang

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# म्याद सकिएको औषधि जस्तै मूल्यहीन नेता



**पूर्ण ओली**

*कृषिमा आत्मनिर्भर हुन शिघ्र ब्याबसायिक कृषिमा जोड दिदै सिचाइ, बिउ तथा प्रबिधीमा अधिराज्यभर अभियान चलाइयोस् । युवालाई स्वदेशमा रोजगार बनाउन हाइस्कुल तहमा अनिवार्य शिपमुलक तालिम दिने व्यवस्था सुरु गर्नुपर्छ । स्वदेशमा रोजगार सुरु गर्न पञ्चायती ब्यबस्थामा गरिएका जस्ता उपयोगि उद्योग पुन: सुरु गर्नुपर्छ । बिदेशमा भएका क्षमतावान युवालाई स्वदेशमा रोजगारको अवसर दिन बिभिन्न क्षेत्रमा कृषिमा आधारित तथा अन्य साना उद्योगहरु बिना लाइसेन्स खोल्न पाउने नियम बनाइ अवसरहरु पैदा गर्नुपर्छ । र उनीहरुलाई इज्जतका साथ आमन्त्रण गर्नुपर्छ । खुला सिमाना नियन्त्रण गर्न भारतसँग पूरा गृहकार्य सहित वार्ता गर्नुपर्छ । यदि भारतले आनाकानी गरेमा हाम्रो तर्फबाट सिमानामा बलियोसँग काँडेदार तार लगाउदै बिभिन्न स्थानमा गेटहरु बनाउनु पर्छ । जहाँबाट आवतजावत गर्ने मानिसको कुनै पनि किसिमका परिचय पत्र देखाउने नीति नियम बनाइ लागू गर्नुपर्छ । यसो गरिएमा अवैध चोरि पैठारी र निकासी रोकिन्छ । जसबाट अरबौंको राजस्व बढ्नेछ । यसबाट सार्बभौमसत्ता सम्पन्न देशको सुरक्षामा अभिबृद्धि हुनेछ । यति गर्ने हिम्मत गरेमा अझैपनि नेताको बोलीमा जनता आस्वस्त हुन सक्छन् । अन्यथा ठूला भनिएका नेताको भाषणलाई बकवास ठानेर जनताले बेवास्ता मात्र गर्नेछन् र गरिरहेका छन् । त्यसैले जसरी अवधि सकिएका औषधि फोहोरको कन्टेनरमा फालेजस्तै नेतालाई पनि जनताले फाल्न सक्छन् । त्यसैले नेताका नजिकका चाकडीवाज सल्लाहकार परिवर्तन गरेर निष्पक्ष, निडर र सक्षम सल्लाहकार राख्ने हिम्मत गर्नुपर्छ । साथै आफ्ना कमजोरी औंल्याउन सक्ने र त्यसलाई सहन सक्ने गरी तयार हुनुपर्छ या बहिर्गमन हुने हिम्मत राख्नुपर्छ । म्याद सकिएको औषधि जस्तो मूल्यहीन भएर कतिदिन टिक्न सक्नुहुन्छ ? त्यसैले समयमै ख्याल गर्नुहोला नेताज्यू ।*

बहुदलीय व्यवस्था आएको केही समयसम्म जनताले नेता माथि निकै आशा जगाएका थिए । तर जब गिरिजाप्रसाद कोइराला कांग्रेस सत्तामा भएको बेलामा ठूला भ्रष्टचारका काण्ड सुरु भए जनताको आशाामा तुषारापात हुन थालिसकेको थियो । त्यसपछि आएको एमालेको नौ महिने शासनकालमा जनतामा फेरि आशा पलायो । त्यसपछि आएका मिलिजुली सरकारहरु भ्रष्टचार र कुशासनमा नेताहरु भासिँदै गए। परिणामस्वरुप माओवादी बिद्रोह सुरु भयो । अनाहकमा नेपालीले नेपाली जनतालाई मार्ने दिन आयो। १० वर्षको अबधिमा १७००० नेपाली मारिए । लाखौंले घरबहार छोडेर सदरमुकाममा डेरा सर्नु पर्‍यो । लाखौं युवाशक्ति सुरक्षा र रोजगारको लागि बिदेशीन बाध्य भए । त्यसपछि छिमेकी राष्ट्र भारत र पश्चिमाको खेल सुरु भयो नेपालमा । उनीहरुकै चाहनाअनुसारको संबिधान ल्याइयो । जुन नेपाल र नेपालीको हितमा थिएन । त्यसपछि आएका सत्तासीनहरुले देशको हितमा भन्दा बिदेशीलाई खुसी पार्ने कार्यमा लागे । सुरुमा बनेको केपी ओलीको नेतृत्वमा नेकपाको सरकारले राम्रा योजनासहित कायक्रमहरु अघि बढाएको थियो । केही समयपछि नेतृत्वको रस्साकस्सी सुरु भएर नेकपा फुटेपछि बनेका मिलिजुली सरकारबाट देश र जनताको हितमा काम हुन छाड्यो । अहिले पछिल्लो अवस्थामा सहकारीको दुरुपयोग भएको रकम उठाउने भन्दा कसरी बिरोधी सिध्याउने खेल सुरु भएको छ ।

सहकारी पीडितलाई आफ्नो रकम फिर्ता गराउनु भन्दा नयाँ बनेको स्वतन्त्र दललाई सिध्याउन कांग्रेस-एमालेको संयुक्त सरकारले सबै खाले हतकण्डा अपनाएर मुद्दा माथि मुद्दा लगाउन थालिएको छ । यसको दीर्घकालीन नकरात्मक परीणाम पर्ने स्वत: देखिँदै जानेछ । अहिलेको ठूला दल कांग्रेस र एमाले मिलेर बनेको सरकारले चाहेको भए जनहितमा ठोस कार्य गर्न सक्ने थियो । तर अझैपनि नेता तथा मन्त्रीहरु ठूला कुरा गरेर अर्ती उपदेशका कुरामा सीमित हुँदै गएका देखिन्छ । प्रधानमन्त्री प्रहरीलाई निष्पक्ष र अरुको दवाव र प्रभावमा परेर कार्य नगर्नु भनि भाषण गर्छन् । तर ब्यबहारमा त्यो देखिँदैन । तीनै प्रहरी महानिरीक्षक कुनैबेला रवि लामिछानेको सहकारीमा कुनै संलग्नता छैन भनि संसदीय समितिमा गएर बोल्छन्। अहिले रवि लामिछाने गृहमन्त्रीबाट हट्नासाथ उनीलाई त्यही प्रहरीले सहकारीको मुद्दामा देशभर डुलाइँदै दु:ख दिने कार्य भइरहेका छन् । त्यसैले नेताका भाषणमा जनताको विश्वास उठिसकेको छ । उर्जा तथा जलश्रोत मन्त्रीले विद्युत प्राधिकरणका लोकप्रिय महानिर्देशक कुलमानको जागीर लिने गरि बारम्बार स्पष्टीकरण लिएर हैरान पारिसके। मन्त्री आफैं प्राधिकरणको एउटा कोठमा डेरा जमाएर बसेका छन् । जसले गर्दा कर्मचारीलाई दैनिकी कार्य गर्न समेत अपठ्यारो पारिरहेका छन् । उनीले नेपाली कांग्रेसका ब्यापारी सांसदलाई जलविद्युत आयोजनाका ठेक्कापट्टा मिलाएर अरु बदनाम हुँदा पनि उनलाई कारवाही गर्ने हिम्मत प्रधानमन्त्रीले गर्न सकेका छैनन् । किनकि उनलाई आफैं सत्ताबाट हट्नु पर्ला भन्ने डर छ । कुनै समयमा प्रधानमन्त्री केपी ओलीका भाषणको निकै ठूलो महत्व हुन्थ्यो । अहिले कुनैपनि नेता मन्त्रीका भाषणको कुनै महत्व हुँदैन । सायद मन्त्री प्रधानमन्त्रीले जनताको आँखाबाट आफूलाई हेर्न सकेका छैनन् । सायद उनीहरुका जासुस संयन्त्रले सही कुरा उनीहरु समक्ष पुर्‍याउन सकेका छैनन् या हिम्मत गर्दैनन् । किनकि नेताहरु आफ्ना विरोधका स्वर सुन्ने हिम्मत गर्दैनन् जुन कुरा सही र सत्य पनि हुनसक्छन् । सरकार यति बदनाम हुँदा पनि के गर्दा जनता खुसी हुन्छन् भन्ने उनीहरुलाई केही थाहा नपाएजस्तो गर्छन् । यदि राष्ट्र र जनताको हितमा ठोस कार्य गर्ने हो भने पहिला संबिधान संशोधन नै प्रमुख बिषय हुन् । पहिलो कुरा अहिलेको समानुपातिकको सदस्यहरु दलका कोटामा नभइ निर्वाचन क्षेत्र तोकेर त्यहींबाट दलीत, जनजातिको निर्वाचन प्रतक्ष्य गराउन आबश्यक छ नकि नेताको निगाहमा । मन्त्रीहरु निर्बाचनबाट आएका जनप्रतिनिधिबाट नगरी विज्ञबाट छनौट गर्नुपर्छ । यसले गर्दा भ्रष्टचार नियन्त्रणमा मद्दत पुग्नेछ । प्रतिनिधिसभामा जम्मा १०० जनामात्र सांसद राख्नुपर्छ । सेता हात्ती मानिएको प्रदेश सरकार खारेज गर्नुपर्छ । अहिले बद्नाम भएको न्याय परिषदमा राजनीतिक नियुक्ति रोकिनुपर्छ । अहिले भएको ब्यबस्था अनुसार न्यायाधीश पनि दलका कोटामा छानिएपछि निष्पक्ष न्याय पाउन असम्भव प्राय छ । कृषि, शिक्षा तथा स्वास्थ्यमा अनुदान बढाउनुपर्छ । दलका कार्यकर्तालाई अनिबार्यरुपमा उत्पादनमा लगाउनुपर्छ । कृषिमा आत्मनिर्भर हुन शिघ्र ब्याबसायिक कृषिमा जोड दिदै सिचाइ, बिउ तथा प्रबिधीमा अधिराज्यभर अभियान चलाइयोस् । युवालाई स्वदेशमा रोजगार बनाउन हाइस्कुल तहमा अनिवार्य शिपमुलक तालिम दिने व्यवस्था सुरु गर्नुपर्छ । स्वदेशमा रोजगार सुरु गर्न पञ्चायती ब्यबस्थामा गरिएका जस्ता उपयोगि उद्योग पुन: सुरु गर्नुपर्छ । बिदेशमा भएका क्षमतावान युवालाई स्वदेशमा रोजगारको अवसर दिन बिभिन्न क्षेत्रमा कृषिमा आधारित तथा अन्य साना उद्योगहरु बिना लाइसेन्स खोल्न पाउने नियम बनाइ अवसरहरु पैदा गर्नुपर्छ । र उनीहरुलाई इज्जतका साथ आमन्त्रण गर्नुपर्छ । खुला सिमाना नियन्त्रण गर्न भारतसँग पूरा गृहकार्य सहित वार्ता गर्नुपर्छ । यदि भारतले आनाकानी गरेमा हाम्रो तर्फबाट सिमानामा बलियोसँग काँडेदार तार लगाउंदै बिभिन्न स्थानमा गेटहरु बनाउनु पर्छ । जहाँबाट आवतजावत गर्ने मानिसको कुनै पनि किसिमका परिचय पत्र देखाउने नीति नियम बनाइ लागू गर्नुपर्छ । यसो गरिएमा अवैध चोरि पैठारी र निकासी रोकिन्छ । जसबाट अरबौंको राजस्व बढ्नेछ । यसबाट सार्बभौमसत्ता सम्पन्न देशको सुरक्षामा अभिबृद्धि हुनेछ । यति गर्ने हिम्मत गरेमा अझैपनि नेताको बोलीमा जनता आस्वस्त हुन सक्छन् । अन्यथा ठूला भनिएका नेताको भाषणलाई बकवास ठानेर जनताले बेवास्ता मात्र गर्नेछन् र गरिरहेका छन् । त्यसैले जसरी अवधि सकिएका औषधि फोहोरको कन्टेनरमा फालेजस्तै नेतालाई पनि जनताले फाल्न सक्छन् । त्यसैले नेताका नजिकका चाकडीवाज सल्लाहकार परिवर्तन गरेर निष्पक्ष, निडर र सक्षम सल्लाहकार राख्ने हिम्मत गर्नुपर्छ । साथै आफ्ना कमजोरी औंल्याउन सक्ने र त्यसलाई सहन सक्ने गरी तयार हुनुपर्छ या बहिर्गमन हुने हिम्मत राख्नुपर्छ । म्याद सकिएको औषधि जस्तो मूल्यहीन भएर कतिदिन टिक्न सक्नुहुन्छ ? त्यसैले समयमै ख्याल गर्नुहोला नेताज्यू । अवधि सकिएको औषधि फालेर डक्टरले नयाँ औषधिको प्रयोग गरेजस्तै नेता र ब्यबस्था बदल्ने समय आइसक्यो ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामूहिक कार्यमा सबैको साथ मिल्नेछ। मित्रहरूलाई मनाउनमा सफलता मिल्नेछ। | **तुला** : साहित्य र कलाको क्षेत्रमा रुचि बढ्नेछ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। |
| **वृष** : अड्केका कार्यहरू प्रारम्भ हुनेछन्। रुचिको काम नमिल्नाले मन अप्रसन्न रहला। | **वृश्चिक** : व्यक्तित्वमा निखार आउनेछ। सफलताले कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ। |
| **मिथुन** :कुनै निर्णय नलिनुहोला। कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ। | **धनु** :हनतको परिणाम प्राप्त गर्न श्रम धेर गर्नुपर्ला। आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। |
| **कर्कट** : कार्यहरू सम्पादन हुनमा बाधा आउनेछ।आफ्नो स्वास्थ्यको ध्यान राख्नुहोस्। | **मकर** : स्वास्थ्यलाई लिएर सचेत र हनुहोस्। धर्मकर्ममा रुचि बढ्नेछ। |
| **सिंह** : उद्योग व्यापारमा मनग्य लाभ मिल्नेछ। वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। | **कुम्भ** : खानपानमा ध्यान दिनुहोला। सवारी साधन चलाउँदा सावधान रहनुहोला। |
| **कन्या** : रोकिएको योजनामा पुनर्विचार गर्न सक्नुहुनेछ। यात्रा लाभदायी रहनेछ। | **मीन** : प्रगतिलाई देखेर मन प्रसन्न रहनेछ। आर्थिक वा सामाजिक क्षेत्रमा प्रभाव बढ्नेछ। |




कथा — विश्वराज अधिकारी

# दिमाग भुट्ने काका

"मेरो कथा पनि अचम्मको छ । मानिस विदेशमा आएर रमाएर बस्छन । मलाई विदेशको बास पटक्कै मन परेको छैन । म अमेरिका आएको बिस वर्ष भयो तर यो बिस वर्षमा म कहिले पनि यहाँ रमाउन सकिन। हरेक दिन मात्र होइन, हरेक पल आजै नेपाल फर्किन पाए हुन्थ्यो जस्तो सोंच आइ रहन्छ । यति साधन सम्पन्न, सुविधले युक्त जीवन पाएर पनि किन विदेशमा म रमाउन नसके होला ?"

मेरो यो भनाइमा थप्दै काकाले भन्नु भयो, "तपाईंलाई जति स्वदेशको माया लाग्छ त्यो भन्दा कम मलाई पनि लाग्दैन । म त झनै हर पल नेपाल नामको माला जपेर बसेको छु ।"

काकाको त्यो कुराले मलाई अलि उत्साहित तुल्यायो । मैले भने, "हो नि काका। चाडवाड आयो कि नेपालको यादले सताउन थाल्छ । विदेशमा बस्दा न दशैं आएको थाहा हुन्छ न तिहार आएको । न फागु आएको थाहा हुन्छ न त शिवरात्री नै । जहिले पनि कोठमा एक्लो भएर बस्नु पर्ने । एक्लै दिन काट्नु पर्ने । परिवारमा हामी दुई जना छौं । मेरो वाइफको रात्रीको ड्युटी छ, मेरो दिउँसोको छ । दुबै जना सँगै बस्ने दिन हप्तामा एक दुइ दिन मात्र हुन्छ । के बाँच्नु यस्तो एकांकी जीवन म बसेको सहरमा त हामी बाहेक अर्को एउटा पनि नेपाली परिवार छैन। कहिले काहिं वाइफको पाँच दिन लगालग काम पर्दा नेपाली न बोलेको मात्र होइन कसैसंग कुरा नगरेको पनि पाँच दिन हुन्छ किनभने मैले पनि कहिले काही हप्ताभरि घरमानै बसेर अनलाईन काम गर्नु पर्ने हुन्छ ।" मेरो भनाइमा काकाले यसरी थप्नु भयो, "के बस्नु यहाँ जेलको कैदी जस्तो भएर। दुई छाक ढुक्स सँग खान र सुविधयुक्त जीवन बिताउन आृनो देश नै त्याग्ने स्थिति मलाई पटक्कै मन परेको छैन । दुई छाक ढुक्कसँग खानका लागि आफ्नो समाज त्यागेर, चन्द्रमामा गएर, एक्लै बसेको स्थिति छ हाम्रो । मैले त मेरो वाइफलाई प्रष्ट गरि भनी दिएको छु, अब दुई वर्ष मात्र अमेरिका बस्ने हो । त्यस पछि अमेरिका त्यागेर, सुविधायुक्त जीवन नै भए पनि यो जीवन त्यागेर, नेपाल जाने हो। होइन, किन नेपालीहरू भेंडाको बथान जस्तो, एउटा भेडा अगाडि हिंडे पछि बाँकि सबै भेंडा पछि पछि हिंडे जस्तो ? बाँकिका भेंडाले उचित बाटो नखोजेर अगाडिको भेडा खाल्डोमा खस्दा पनि बाँकि भेडाल सोंच्दै न सोंचि पहिलो भेंडा खसेको ठाउँमा घसे जस्तो ? होइन, नेपालीहरू किन यसरी भैडा जस्तो खाल्डोमा खसेका होलान? किन विदेश स्वर्ग नै हो जस्तो गरेर यस भित्र पसेका होलान ?" काकाको कुरा सुनेपछि, विदेशको एकांकि जीवनबाट काका पनि म जस्तै बिरक्तिएको मलाई विश्वास भयो। मेरो र काकाको विचार मिलेको पाएर मलाई खुसी लाग्यो पनि । एउटा दु:खीले अर्को दु:खीको दु:ख सुनेर आफ्नो दु:ख कम भएको महसुस गरेझै मैले पनि मेरो दु:ख केही कम भएको महसुस गरें । हामी लुजियाना राज्यको बेटनरूज सहरमा बस्ने एक नेपाली, जीवन लामाको घरमा दशै मानउन भेला भएका थिया । दशैंको भोजको आयोजना जीवन लामाले गरेका थिए । मेरो घनिष्ठ मित्र जीवन लामाको निम्तो मान्न म ओक्लहोमा सिटीबाट बेटनरुज पुगेको थिएँ। सन् २०१९ को दशैं मंगलबारका दिन परेता पनि विकडेजमा सबैको काम पर्ने हुनाले विकइण्डमा, शनिवारका दिन, दशै मनाउने निर्णय जीवनले गरेका थिए । त्यो दशै भोजमा बेटनरूज र बाहिरका गरि ५० जना जति नेपाली र केही भारतीयहरूको उपस्थिति थियो । त्यो भोजमा नै जीवनले काकासँग मेरो परिचय गराइ दिएका थिए । काका बेटनरूजमा बस्थे । त्यहाँ उपस्थित सबैले उनलाई काका, काका भनेको हुनाले मैले पनि काक नै भनेर सम्बोधन गरेको थियो । काकाको पुरा नाम भने महेन्द्रबहादुर कार्की थियो । उमेरले साठ्ठी काटेको देखिन्थ्ये । काका र म बीच हुने कुराकानीमा जीवन निरन्तर सामेल नभएता पनि बेला बेलामा हामी बीच भइरहेको गफ सुन्ने काम भने जीवनले गरिरहेका थिए । उनी बेलाबेलामा हामी नजिक आउँथे । एक पटक जीवनले मलाई भनेका थिए, "काकाको कुरा सुन, विश्वास। रमाइलो कुरा गर्नु हुन्छ, काकाले ।" पत्नी र आफू गरि दुईजनाको परिवार लिएर काका बेटनरूमा बसेको दस पन्द्र वर्ष भएको रहेछ । काकाका परिवारका अन्य सदस्यहरू नेपालमा नै रहेछन। काका र काकीको स्थानीय रेष्टुरेन्टको कमाइले जिन्दगी राम्रो नै चलेको थियो । दुबैले कुकको काम गरेका रहेछन । स्वदेशमा हुँदा काका नेपालको पश्चिमी जिल्लाको एक स्कूलमा प्रधान अध्यापक थिए । काकासँगको कुराकानीको क्रममा मैले उनको बारेमा थाहा पाएको यति थियो । काका अति नै स्वदेशप्रेमी रहेको भन्ने उनको कुराकानीबाट थाहा पाएको थिएँ। त्यसकारण पनि म उनीसँग कुराकानी गर्न थप उत्साहित भएको थिएँ । "के गर्नु हुन्छ ? नेपालबाट आउनु भएको कत्ति भयो ?", काकाले मलाई सोध्नु भएको यो प्रश्नले मेरो दु:खको पेटारो खोल्ने सही मौका बल्ल मिलेको अनुभव मलाई बलियो गरी भयो । मैले भने, "काका म नेपालबाट आएको बिस वर्ष भयो। सन् १९९९ मा म अमेरिका आएको हो । नेपालमा हुँदा नै मैले मैथमेटिक्समा मास्टर गरेको थिए। अमेरिकामा आएर फेरि मेथकेटिक्समा मास्टर गरें । मास्टर गरे पछि, ओक्लहोमा राज्यको एक विश्वविद्यालयबाट मैथमेटिक्समा नै पीयचडी पनि गरे । त्यस पछि ओक्लहोमाकै अर्को एक विश्व विद्यालयबाट फेरि आइ टीमा मास्टर्स गरे। अहिले म ओक्लहोमा राज्यको एक स्थानीय बैंकको आइ टी डिपार्टमेन्टमा काम गर्छु ।" "म मैथमेटिक्सको मान्छे, आइटीमा मैले काम गरेको मलाई नै पटक्कै मन परेको छैन। तर के गर्ने? पाएको जागिर त गर्ने पर्यो। बाँच्नु त पर्यो नि........ होइन र? तर मेरो इच्छा भने कलेजमा टिचिंग गर्ने थियो र छ अहिले पनि छ ।" मैले थपे ं। "तपाइँ जस्तो अति क्वालिफाइड मान्छे किन अमेरिकामा बसेको होला ? नेपाल जानुहोस । नेपाल जानु भयो भने कम्तिमा पनि, यो समयमा, महिनाको एक लाख रूपैया पाउने जागिर तत्काल पाउनु हुन्छ, तपाइँले। के भन्ठान्नु भएको छ ? नेपाल अब पहिले जस्तो छैन । नेपाल, अब पहिलेको नेपाल रहेन । धेरै विकास भएको छ । नेपालको अहिलेको स्थिति देखेर म जस्तो सामान्य मान्छे त नेपाल फर्किने दृढ विचारमा छु" मेरो कुरा पूरा हुन नदिकन नै काकाले भन्नु भयो । मैले भने, "ठिक भन्नु भयो काका । म विदेशको एकांकी जीवनबाट दिक्दार भइसकेको छु । आफ्नो रहन सहन, आफ्नो परम्परा, समाज त्यागेर पैसाको लागि विदेशमा कति बिताउनु रबिन्सन क्रुसोको जिन्दगी ? पाएको एउटा सत्तर अस्सी वर्षे जीवन पनि विदेशमा बिताएर किन वर्वाद गर्ने ? अब त लाग्छ आफू जन्मे हुर्केको ठाउँमा, खेले बढेको ठाउँमा, जीवन बिताउन पाउनु ठूलो कुरा रहेछ । भाग्यमा लेखिनु पर्ने रहेछ, यो त। होइन र ? मान्छेहरू खुस भएर कसरी बस्न सकेका छन् विदेशमा ? आफ्नो नाता, कुटुम्बलाई कसरी छाड्न सकेका छन, स्वदेशमा ? नाता, कुटुम्ब त्यागेर नेपालीहरू कसरी विदेशमा रमाएर बस्न सकेका छन् भन्ने विषयमा मलाई थप अर्को पीयचडी गर्न मन लागेको छ ।"

"हेर्नुस, आफ्नो समाज भनेको आफ्नै समाज हो । आफ्नो समाजमा बस्दा दुई जना बीच कुरा हुँदा सन्दर्भ मिल्छ, कुरा अगाडि बढ्छ । सुख दुख हर्ष विस्मातका कुराहरू हुन्छन । विदेशमा त कुरा गर्दा पनि गार्हो । यहाँका रैथानेसँग कुरा गर्दा कुराको सन्दर्भ नै मिल्दैन। रैथानेहरूको जीवनशैली एक थरिको छ भने हाम्रो जीवन शैली अर्को थरीको। अनि यसरी दुई थरी भए पछि कसरी सन्दर्भ मिल्छ? अनि कसरी कुराकानी अगाडि बढ्न सक्छ? त्यसकारण यहाँका रैथानेहरूसँग हाम्रो कुरा हुँदा केवल औपचारिक कुराहरू मात्र हुन्छ केवल कारोवारी कुराहरू मात्र हुन्छ? होइन त काक?" मैले भनाइलाई निरन्तरता दिएँ । "कस्तो अचम्म ! यहाँ बसेको विस वर्ष भयो, यो बिस वर्षमा, आफू बसेको यो ठाउँ कहिले आफ्नो ठाउँ जस्तो लागेन ? यहाँको सडक, पार्क, भवन, वस्ती, हावा, पानी कहिले आफ्नो जस्तो लागेन । किन यस्तो भएको होला ? कहिले म आफू किन यस्तो भएको होला भनेर आफैसँग प्रश्न गर्छु । म किन यति राष्ट्रवादी भएको होला भनेर अचम्म पनि लाग्छ ।

मेरो मनोविज्ञान त्यस्तो किन भएको होला । मलाई किन यस्तो लागेको होला, काका?", मैले भने।

काकाले भन्नु भयो, "मलाई पनि ठ्याक्कै तपाइँ जस्तो लाग्छ, यो विदेशको बसाइ।" यति भनेर काकाले मतिर एकछिन सम्म हेर्नु भयो पनि । जीवनले केही बेर पहिले देखि हाम्रो कुराकानी परबाट तर निकै ध्यान दिएर सुनेको मैल अनुभव गरे । तर मैले कुरा गर्न उनलाई ईशारा गर्नु पूर्व नै उनी डाइनिंगरूम तिर पसे। मैले जीवनसँग कुरा गर्न पाइन । काकातिर हेर्दै मेलै भने, "काका, एउटा अचम्मकुरा भन्छु तपाईंलाई। म छ महिना पहिले काठमाडौ गएको थिएँ, त्यहाँ पुगेर मैले अनौठो अनुभव गरें । अति नै अनौठो र पत्याउन काका रेष्टरुमबाट हामीतिर आउँदै गरेको देखे पछि जीवन अन्यत्र लाग्ने तरखरमा लागेको मलाई लाग्यो। तर काका हामीतिर आएन । कता हराए । म काकालाई खोज्नतिर लागें । काका लिभिंग रुमको एउटा कुनामा दस पन्द्र जना बिच हुनु हुन्थ्यो । छेउछाजको मान्छेहरूलाई केही भन्दै हुनु हुन्थ्यो । म अलि पर भएकोले उहाँका सबै कुराहरू सुन्न त मैले पाइन । "देश भक्ति त मर्दैन चुथ्यै देश भए पनि", काकाले जोड जोडले भनेको राम्रो गरी सुने ।

*-समकालीन साहित्य डटमक*

निबन्ध — हेम गुरागाईं

# घर छोड्नेहरू

चेतनाको परिपक्वताले घरका भित्ताहरू भत्काउँछ । आफ्नो घरमा अरूलाई पनि आश्रय दिन सक्ने करुणा ल्याउँछ । घर भौतिक सीमाबाट मुक्त भएर संसार बन्न जान्छ । यसले मानवता, प्रकृति र पारिस्थितिक प्रणालीलाई समेट्छ । धेरै युवाहरू घर छोडेर गए । कोही शहर गए, कोही विदेश गए । मान्छेको पहिलो घर पाठेघर हो । जब बच्चाले पाठेघर छोड्छ तब मात्र हुन्छ जन्म । पाठेघरमा बसेको नै बाहिर निस्कने तयारीका लागि हो । मान्छेको पहिलो घर नै छोड्नका लागि हो । चल्ला अण्डा फोडेर निस्कन्छ, घरको बन्धन तोड्छ र पो जन्मन पायो । बीजभित्र जुन जीवन छ, त्यसले बीजलाई नफोडी अङ्कुरिन सक्दैन । बुद्धले पनि घर छोडेका थिए, बुद्ध बन्नका लागि । चराले घर बनाउँछ प्रजननका लागि, बच्चाहरू हुर्केपछि गुँड छोडेर जान्छन् । झुसिलकिराले घर छोड्छ र पो पुतली बन्छ । गमलाबाट सारिएको बिरुवाले जरा फैलाएर स्वतन्त्रताको अनुभव गर्छ र चाँडो बढ्छ, केराको घारीलाई पनि ठाउँ सार्न पर्छ । धेरै जनावरहरूले आफ्नो समुदाय छोड्छन्, यो घर छोड्ने प्रक्रियाले नै उनीहरूको हाडनाता सम्बन्ध रोक्छ, नस्ल खिइएर जान दिँदैन र नस्लको उन्नति हुन्छ । बिरुवाले पनि जब बीज उत्पादन गर्छन्, त्यस्ता बीजले अङ्कुराउनका लागि आफ्ना अभिभावकको घर छोड्न आवश्यक हुन्छ - यसलाई एनेमोकोरी (Anemochory) भनिन्छ । ब्रह्माण्डको उत्पत्ति कसरी भयो ? त्यो परम्विन्दुले घर छोड्ने चाहना गऱ्यो र महाविस्फोट भयो, अनि बह्माण्ड विस्तारिन लाग्यो ।

फोटोनले तारालाई छोड्छ र पो ब्रह्माण्डमा प्रकाश फैलाउन सक्छ । इलेक्ट्रोनले थप ऊर्जा प्राप्त गर्न र उच्च ऊर्जामा जान आफ्नो कक्ष छोड्नुपर्छ । यसो गर्दा उसले न्यूक्लियससँगको सम्बन्ध त्यागेको होइन, बरु नयाँ सम्भावनाहरूको खोजी गरेको हो । अणुहरू पनि पुराना बन्धन तोडेर नयाँ यौगिक बनाउन अलगिन्छन् । ऊर्जा दुई किसिमका हुन्छन् - पोटेन्सियल (स्थितिज) ऊर्जा र काइनेटिक (गतिज) ऊर्जा । पोटेन्सियल ऊर्जा कुनै वस्तुमा उसको अवस्थितिको कारणले गर्दा सङ्गृहित ऊर्जा हो । गतिज ऊर्जा कुनै वस्तुको गतिको कारण उसमा मौजुद हुने ऊर्जा हो । पोटेन्सियल ऊर्जा सम्भावनाले भरिएको त हुन्छ तर जति सुकै प्रबल सम्भावना भए पनि आफ्नो स्थिर अवस्था नछोडिन्जेल उपयोगमा आउन सक्दैन । घरमा बस्नुले स्थिरता या आरक्षित स्थितिलाई दर्साउँछ, यस्तो अवस्था सबैले चाहन्छन् पनि तर पोटेन्सियल ऊर्जालाई सक्रिय गराउनु त पर्छ नै, यो घर छोड्नु जस्तै हो । लुकेको क्षमतालाई क्रियान्वित गर्नु जस्तै हो । घर नछोडेसम्म, ऊर्जा अप्रयुक्त रहन्छ, प्रगति र परिवर्तनका अवसरहरू अधुरा नै रहन्छन् । पानीले जब शान्त जलाशय छोड्छ, बिजुली ऊर्जा निस्कन्छ । पानी जब झरना बनेर हाम्फालेर आफ्नो घर छोड्छ, बिजुली ऊर्जा निस्कन्छ । पानीले जब आफ्नो तरल स्वरूप छोड्छ र उड्छ, वाष्प ऊर्जा निस्कन्छ । मान्छेले घर छोड्दा पनि नयाँ ऊर्जाहरूको जन्म हुन्छ । मौरी र कमिलालाई घर अत्यन्त प्यारो हुन्छ रे । त्यसैले इभोलुशनमा यिनीहरू कम विकसित मध्येका नै हुन्, यिनले सदियौँदेखि आफूलाई खास परिवर्तन गर्न सकेका छैनन् । दिनभर चर्न गएकी गाई बेलुका घर फर्कन्छे, उसलाई घरको मायाले बाँधेको छ । त्यसैले ऊ बन्धनमा छे, जीवनभर बाँधिएर बस्छे । जुन मुसा दुलोमा बस्छ, त्यो चाँडो समाइन्छ । शङ्खे किरा आफ्नो घर बोकेर हिँड्छ, त्यस्तै कछुवा पनि, त्यसैले यिनीहरू सुस्त छन् । सुस्त भएकै कारणले सदा अरूको शिकार बन्ने खतरामा रहेका छन् । आफ्नो ऊर्जा बिनासित्तीमा घर बोकेर हिँड्ने कार्यमा खर्च गर्न परेको छ । घर बोकेकै कारणले यिनीहरूको प्रजनन् क्षमता अरूको भन्दा कम हुन्छ । यसको मतलब यिनीहरूको प्रजाति नष्ट हुन सक्ने सम्भावना अरूमा भन्दा बढी छ । त्यस्तै, कोड्याक कम्पनीले फिल्म-आधारित फोटोग्राफीको पारम्परिक मोडल छोड्न चाहेन, ऊ डिजिटल प्रविधिमा जान चाहेन, पुरानै घरमा रमायो । अनि ऊ आफ्नै घरको कैदी बन्यो । घर छाड्नुको सबैभन्दा ठूलो पीडा नदीलाई हुन्छ रे । किनभने उसलाई थाह छ, अब ऊ कहिल्यै फर्कने छैन आफ्नो त्यो मूलघरमा । ऊ घरको सम्झनामा दु:खी मनले सुसाउँदै हिँड्छ - मर्स्याङ्दी नदी नरमाइलो सुसाइरहेछ । तैपनि उसले मूल छोड्छ, किनभने उसलाई मिल्नु छ त्यो विशाल समुन्द्रसँग, त्यो अनन्त सम्भावनासँग । उसले घर मात्र छोड्दैन, आफ्नो नदी हुनुको पहिचान पनि समुन्द्रमा मिसाउँछ, तैपनि ऊ आतुर छ घर छोड्नलाई । बिरुवाको "घर" भनेको वातावरण हो - जहाँ ती उम्रन्छन्, बढ्छन् र जीवनचक्र पूरा गर्छन् । यसमा माटो, हावा, पानी र सूर्यको प्रकाश समावेश हुन्छ । जङ्गल, मरुभूमि, घाँसे मैदान, दलदल र जल क्षेत्रमा बस्न बिरुवा अनुकूलित छन् । जनावरको "घर" भनेको त्यो आवास हो - जहाँ उनीहरू बस्छन्, खाना खोज्छन्, प्रजनन गर्छन् र सुरक्षित रहन्छन् । यसमा भौतिक वातावरण, खाना, पानी र आश्रयको उपलब्धता पर्छ । जङ्गल, सागर, पहाड, मरुभूमि र घाँसे मैदानमा बस्न जनावर अनुकूलित छन् । त्यसैले, वास्तवमा प्रकृतिको मूलस्वरूपमा हरेक अनुकूलित स्थान जुनले खान, बाँच्न, सुरक्षा र वंशको निरन्तरता गर्न सहयोग पुऱ्याउँछ, त्यो नै 'घर' हो । यसको कुनै स्थानिक स्वरूप हुँदैन । तर मान्छेमा घरको माया जनावर र पक्षीमा भन्दा धेरै हुन्छ । मान्छेमा घरको साथै त्यसको याद पनि जोडिएको हुन्छ, र सताउने यही यादले नै हो । भनिन्छ, जहाँ जन्म भएको हो त्यो ठाउँलाई, त्यो ठाउँको हावा, पानी र माटोलाई, सम्झनु स्वाभाविक नै हो ।

घरको बिम्ब जन्मसँग जोडिएको हुन्छ तर यदि कसैको जन्म अस्पतालको बेड नम्बर ७ मा भएको भए, विदेशमा बसेर उसले त्यो खाटलाई सम्झँदैन । त्यो बेडको सम्झनामा उसले कविता लेख्दैन । मतलब, याद जन्मेको स्थानको हैन, भोगेको स्थानको पो हुने रहेछ । समय, वय र बदलिँदो आवश्यकता अनुसार यो भोगेको स्थान परिवर्तन हुँदै जान्छ । समयअनुसार घरको परिभाषा कसरी बदलिन्छ भन्ने बुझ्न सके यो घर छाड्दाको पीडा कम हुन्छ । बाल्यकालमा "घर" परिवार र भौतिक आश्रय हो । यो सुरक्षा, माया, र स्याहारको स्थान हो । यहाँ बच्चाले संस्कृति, मूल्य, र पहिचान सिक्छ । यो न्यानोपन र व्यक्तित्व विकासको आधार हो । किशोरावस्थामा "घर" सुरक्षा दिने ठाउँ हो तर कहिलेकाहीं यसले उसलाई प्रतिबन्ध महसूस गराउँछ । उसले आफूमा स्वतन्त्र व्यक्तित्व विकास हुँदै गरेको महसूस गर्छ, स्वतन्त्रताको चाहना बढ्दै गर्दा द्वन्द्व शुरु हुन्छ । उसले त्यो व्यक्तित्वलाई अभिव्यक्ति दिन चाहन्छ । यो आत्म-अभिव्यक्तिको र सैर्षको ठाउँ हो । यो किशोरले आफ्नै छुट्टै पहिचान बनाउन छट्पटाउने ठाउँ हो । युवावस्थामा 'घर' याद र संस्कारको प्रतीक हो । धेरैले शिक्षा वा जागिरका लागि घर छोड्छन् । घर चाडपर्व र कठीन समयमा फर्किने ठाउँ बन्छ । तर अब यो भौतिकभन्दा पनि भावनात्मक स्थान हो । वयस्क अवस्थामा "घर" उपलब्धिको प्रतीक हो । आफ्नो 'घर' बनाउन खोजिन्छ । साथी, बच्चा, परिवार वा आफ्नो समुदायसँग नयाँ घर बनाइन्छ । यो जीविका, सम्बन्ध र भविष्यको प्रतीक हो । घर स्वतन्त्रता र जिम्मेवारीको नयाँ आधार हो । मध्यवयमा घर स्थिरताको प्रतीक हो । परिवार हुर्काउने र यो सम्बन्ध गाढा बनाउने ठाउँ बन्छ । यो आश्रय र उपलब्धिमा चिन्तन गर्ने स्थान हो । सन्तानलाई सहयोग गर्ने र सम्पत्ति सिर्जना गर्ने आधार हो ।

समुदायमा पहिचान बनाउने अवसर हो । वृद्ध अवस्थामा "घर" आराम र सम्झनाको ठाउँ हो । यो यात्राको सुस्ताउने चौतारीको हो, शान्तिको सास फेर्ने ठाउँ हो । घर विगत र आफ्नो परम्परासँग गहिरो सम्बन्ध जोड्ने स्थान हो । यो अब आफ्ना कथाहरू समुदायलाई सुनाउने स्थान हो । यहाँ विगतका क्षणहरूको सम्झना गरिन्छ, आफ्ना परम्परा खोजिन्छ र जिउँदो राख्ने प्रयास गरिन्छ । "घर" हाम्रो अनुभव, सम्बन्ध र जीवनका चरणसँगै बदलिन्छ । यसबाट घर छोड्नु बाध्यता हैन, जीवनको मूलभूत प्रवृत्ति हो । जीवनका चरणहरूले नै स्वाभाविक रूपमा घर छोडाइ माग्दो रहेछ भन्ने बुझिन्छ । घर पिँजडा होइन, यो उड्न तयार गराउने गुँड हो । जसै चेतना स्तर बढ्छ, 'घर'को विशालता पनि बदलिन्छ । शुरुमा, घर भौतिक स्थान हो । यो सुरक्षा, आराम र अपनत्वको प्रतीक हो । यो भित्ता, सम्बन्ध र परिचित वातावरणको न्यानोपनले परिभाषित हुन्छ । चेतनाको परिपक्वताले घरका भित्ताहरू भत्काउँछ । आफ्नो घरमा अरूलाई पनि आश्रय दिन सक्ने करुणा ल्याउँछ । घर भौतिक सीमाबाट मुक्त भएर संसार बन्न जान्छ । यसले मानवता, प्रकृति र पारिस्थितिक प्रणालीलाई समेट्छ । यसले वैश्विक नागरिक र सिङ्गो पृथ्वीलाई घर मान्ने सोच बनाउँछ, एक त्यस्तो साझा स्थान जहाँ मानवता र प्रकृति साथ साथ रहन्छन् । घर छोड्नु भनेको खासमा सम्बन्ध तोड्नु हैन, यो त अस्तित्वको विशाल बुझाइ र त्यो व्यापकतामा समाहित हुने अवसर हो । यसैले, हे युवा ! निस्क घरबाट, तब पो हुन्छ अर्को जन्म, तब पो बन्छौ तिमी पुतली । तिमी उड आकाशतर्फ, छोड यो गुँड । तिमी फूल, फैलाऊ सुवास, मुक्त होऊ माटोबाट । तिमी चाल पाइला अगाडि, उठाऊ टेकेको त्यो पाइला, अनि छोड टेकेको त्यो ठाउँ । जति टाढा जान्छौ, तिमी उति विशाल हुँदै जान्छौ । तब पो फैलन्छौ विश्वभरि ।

*-साहित्यपोस्ट डटकम*

# तानसेनमा सवारी दुर्घटनामा दुई जना घाइते




**पाल्पा,** माघ ३०/जिल्लाको तानसेन नगरपालिकाको जोगीपानीस्थित पाल्पा-गुल्मी सडक खण्डमा इभी गाडी र मोटरसाइकल एक आपसमा ठक्कर खाइ दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । हार्थोकदेखी तानसेनतर्फ आउँदै गरेको लु. प्रदेश ०१००१ ज ००७१ नम्बरको इभी गाडी र विपरित दिशाबाट जाँदै गरेको लु १७ प ८८६४ नम्बरको मोटरसाईकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा दुई जना घाइते भएका हुन् ।

घाइते हुनेमा मोटरसाईकल चालक गुल्मी छत्रकोट गाउँपालिका -१ हुँगाका ३८ वर्षीय प्रकाश पाण्डे र मोटरसाईकल पछाडी सवार मोटरसाईकल चालककी श्रीमती ३१ वर्षीय कमला पाण्डे घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । घाइते मध्ये चालकको अवस्था मध्यम र कमलाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घाइते दुवै जनालाई मिसन अस्पताल पाल्पा पुऱ्याई उपचार भईरहेकोमा थप उपचारको लागि हेलिकप्टरद्वारा ट्रमा सेन्टर अस्पताल काठमाडौं रिफर गरिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

## फूलपाती विसर्जन

# सकियो एक महिने स्वस्थानी व्रत



**पाल्पा,** माघ ३०/पौष शुक्ल पूर्णिमादेखि शुरु भएको एक महिने स्वस्थानी व्रत बुधबार बिहान पवित्रस्थलमा फूलपाती विसर्जन गरी समापन भएको छ । पौष शुक्ल पूर्णिमादेखि नै शुरु गरिएको स्कन्द पुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने क्रम मंगलबार बेलुकी नै समापन गरी बर्तालु रातभर जाग्राम बसेका थिए ।

जाग्रामपछि बुधबार बिहान एक महिनासम्म स्वस्थानी देवीलाई चढाइएको फूलपाती नजिकैको नदी, ताल, तलाउ वा पोखरीमा लगी सेलाउने व्रत विधि छ । विधिपूर्वक एक महिने व्रत गरेका बर्तालुले माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, बस्त्र, भेटी चढाइ व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ-आठ प्रसाद पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ । आफू बसेको स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानीदेवी भनिन्छ । स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ ।


## पाठेघरको मुखको क्यान्सर बिरुद्ध एच.पि. भी. खोप अभियान २०८१ सम्बन्धी सूचना

नेपालमा हरेक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुन्छ भन्ने तथ्याङ्क छ । महिलाहरुमा हुने विभिन्न क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो, तर किशोर अवस्थामै रोग विरुद्धको एच.पि.भी. खोप लगाए यो रोग लाग्नबाट बच्न सकिन्छ ।

यसैलाई ध्यानमा राखेर नेपाल सरकारले देशभर यही माघ २२ गतेदेखि फागुन ६ गतेसम्म एच.पि.भी. खोप सञ्चालन गरेको छ । पाल्पाको **रिब्दीकोट गाउँपालिका** मा पनि यही माघ २८ गतेदेखि फागुन १ गतेसम्म खोप दिन लागिएको जानकारी गराईन्छ । यस खोप अभियानमा विद्यालय जाने कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्राहरु र विद्यालय नजाने १० वर्षदेखि १४ वर्ष उमेर सम्मका किशोरीहरुलाई विद्यालय केन्द्रीत खोप केन्द्रहरूबाट पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिइँदै छ । त्यसैले आ-आफ्नो विद्यालय वा नजिकैको खोप केन्द्रमा गई खोप लगाउनुहुन अनुरोध गर्दछौं ।

अभियानमा छुट भएका किशोरीहरूले अभियानको अन्तिम दिन नजिकैको स्वास्थ संस्थाबाट पनि यो खोप लिन सक्ने छन् । थप जानकारीको लागि नजिकैको स्वास्थ संस्था, महिला स्वास्थ्य स्वयंसेवीका वा वडाका जनप्रतिनिधिहरुलाई सम्पर्क गर्न सकिने छ ।

अनुरोधक

**रिब्दीकोट गाउँपालिका स्वास्थ्य शाखा, खस्यौली, पाल्पा**


## खेलकुद समाचार

### पुलिस 'पोखरा गोल्डकप' को फाइनलमा



**काठमाडौं,** माघ ३०/चर्च ब्वाइज युनाइटेडलाई हराउँदै विभागीय टोली नेपाल पुलिस क्लब पोखरा गोल्डकप फुटबलको फाइनलमा पुगेको छ । पोखरा रङ्गशालामा बुधबार भएको पहिलो सेमिफाइनलमा पुलिसले चर्च ब्वाइजलाई १-० गोलले हरायो । पुलिसका सञ्जीव लामाले गोल गरे । पोखरा गोल्डकपमा यो खेल २५०औं हो ।

२०५८ सालमा क्याराभान गोल्डकपको नामबाट यो प्रतियोगिता शुरू भएको थियो । पोखरा गोल्डकपको दोस्रो सेमिफाइनलमा भोलि थ्री स्टार क्लब र उज्बेकिस्तानको ब्ल्याक बुल्स एफसी खेल्दैछन् । फाइनल खेल फागुन ३ गते शनिवार हुनेछ । २४औं संस्करणको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

## अर्थ/कर्पोरेट समाचार

# पुग्यो सबै स्थानीय तहमा बैंकिङ सेवा

**पाल्पा,** माघ ३०/स्थानीय तहमा बैंक पुऱ्याउने सरकारी नीतिअनुसार देशभरका सबै स्थानीय तहका केन्द्रमा बैंकका शाखा पुगेका छन् । बझाङको साइपाल गाउँपालिकामा एभरेष्ट बैंकको शाखा विस्तार भएसँगै देशका ७ सय ५३ वटै स्थानीय तहमा बैंकिङ पहुँच विस्तार भएको हो ।

संघीयता लागु भएपछि हरेक पालिकामा बैंक तथा वित्तीय संस्थाको पहुँच पुगे पनि साइपाल गाउँपालिकामा पुगेको थिएन । सरकारले चालु आवको बजेट सार्वजनिक गर्दै यसै वर्ष साइपालमा बैंक शाखा पुऱ्याउने घोषणा गरेको थियो । सोही अनुसार त्यहाँ बैंक विस्तार भएको हो । सुदूरपश्चिम प्रदेश बझाङको विकट स्थानीय तह साइपाल गाउँपालिकामा बैंक शाखा विस्तार गर्ने एभरेष्ट बैंक पहिलो हो । राष्ट्र बैंकले २०७४ सालमै साइपाल गाउँपालिकामा बैंकिङ सेवा दिने जिम्मा एभरेष्ट बैंकलाई दिएको थियो । सडक, सञ्चार, सुरक्षालगायत पूर्वाधार स्थानीय स्तरसम्म उपलब्ध नभएसम्म त्यहाँ शाखा स्थापना गर्न नसक्ने भन्दै एभरेष्टले शाखा खोलेको थिएन । चालु आवको सुरुवातदेखि नै पूर्वाधार विस्तार पनि बढ्दै गएकाले बैंकले शाखा विस्तारका लागि सक्रियता बढाएको थियो । नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाको संख्या पुस मसान्तसम्ममा १ सय ७ रहेको छ । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०८१ असार मसान्तमा ११ हजार ५ सय ३० रहेकामा २०८१ पुस मसान्तमा यो संख्या ११ हजार ५ सय ४५ पुगेको छ । सबै स्थानीय तहमा बैंकको पहुँच पुगेसँगै पूर्ण बैंकिङ सेवा पुऱ्याउने चुनौती सुरु भएको छ । हाल देशभरका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंकको शाखा कार्यालय सञ्चालनमा छन् । तर, स्थापित ती शाखाले सम्पूर्ण बैंकिङ सेवा दिन सकेका छैनन् । दुर्गमका स्थानीय तहका बैंकहरुमा पुग्नेले चेक नै लिएर जानुपर्ने बाध्यता अझै रहनेछ ।

# प्रदेशको विकास...

...सहलगानीमा सञ्चालन हुन सक्ने सम्भावित ठूला आयोजनाको पहिचान गर्ने ,बहुउद्देश्यीय प्रकृतिका बृहत जलस्रोत आयोजनाहरुको निर्माण तथा सञ्चालन आपसी समझदारीका आधारमा गर्ने, प्रदेश कानुन बमोजिम नदिजन्य पदार्थको उपयोगमा लगाइने करका सम्बन्धमा दुवै प्रदेशबीच एकरुपता कायम गर्ने, दुबै प्रदेशमा सञ्चालन हुने सार्वजनिक सवारीको यात्रु भाडादर सम्भव भएसम्म एकरुपता हुने गरी निर्धारण गर्ने र सडक यातायात दुर्घटना जोखिम न्यूनीकरणका लागि सवारी गति नियन्त्रण र मादक पदार्थ सेवनको जाँच, चालक प्रशिक्षण, अनुगमन तथा निरीक्षण लगायतका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने कुरा पनि साझा प्रतिबद्धतामा भनिएको छ । दुई मुख्यमन्त्रीले साझा प्रतिबद्धता पत्रकार सम्मेलन गरी सार्वजजिक गर्दै कार्यन्वयन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

सहमतिपछि साझा गरिएका कुराहरूमा एकसाथ अघि बढ्ने गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले बताए । उनले प्रदेशका आृना र साझा दुवै कुरा भएकाले साझा सवाललाई मिलेर र आृनो प्रदेशका विषयवस्तुलाई आृनो तरिकाले अघि बढाउने बताए । साझा सवाललाई दुवै सरकारले बजेटमा समेटेर काम गर्ने योजना रहेको लुम्बिनीका मुख्यमन्त्री आचार्यले सुनाए । उनले साझा गरिएका बुँदा कार्यान्वयन गर्नकै लागि भएका बताए । नेपाल पत्रकार महासंघको आयोजनामा भएको पत्रकार सम्मेलन महासंघका अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता, सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो । तानसेन नगरपालिकाको समन्वयमा भएको बैंठकमा दुई प्रदेशका मुख्यमन्त्रीसहित प्रदेशका मन्त्री, मुख्य सचिव, सचिव, स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुखहरुको समेत सहभागिता रहेको थियो ।


## संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता वीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं, साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष ३० अंक २००, मिति २०८१/१०/३० गते तेस्रो पृष्ठमा खानेपानी तथा सरसफाई कार्यालय तानसेन पाल्पाको टेण्डर आह्वानको सूचनाको क्र.सं. २ मा WSSO/PALPA/SQ/G/081-82/04 हुनुपर्नेमा WSSO/SQ/PALPA/081-82/04 भएकोले सच्याईएको छ । **स.**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई